का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक २६
❐ १३ फागुन २०७६, मंगलबार
❐ 25 February 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सरकारविरुद्ध गठबन्धन

**प्रचण्ड बहुमत सहित सरकार चलाइरहेको नेकपा विरुद्ध संसदको बाँकी तीन दलले गठबन्धन गरेका छन् । सेक्युरिटी प्रेस खरीद प्रक्रियामा कमिसन बार्गेनिङको अडियोबारे प्रधानमन्त्रीको जवाफ माग्दै संघीय सदंद अवरुद्ध गर्ने गठबन्धन निर्णय गरेको छ ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

सेक्युरिटी प्रेस खरीद प्रकरणमा निर्वतमान सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाले ७० करोड कमिसन बार्गेनिङ गरेको अडियो सार्वजनिक भएपछि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले बिहीबारको संघीय संसद अवरोध गरेको छ। अडियो प्रकरणमा सहरी विकास मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका बाँस्कोटाले पदबाट राजीनामा दिए पछि अर्थमन्त्री डा.युवराज खतिवडाले सूचना, प्रविधि तथा सञ्चार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले सहरी विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

तर, यो प्रकरणमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ नदिएसम्म संसद अवरोध कायमै राख्ने निर्णय गरेको छ । प्रमुख प्रतिपक्षी दल कांग्रेस सहित प्रतिपक्षीहरु राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टीबीच संसद सञ्चालनका विषयमा छलफल समेत भएको छ। छलफल पश्चात् कांग्रेसकी सचेतक पुष्पा भुसालले प्रधानमन्त्री केपी शर्मा ओलीले बाँस्कोटा प्रकरणमा संसदमा जवाफ नदिएसम्म संसदमा अवरोध जारी रहने जनाइन् ।

तीनै दलका प्रमुख सचेतक हरुबीच सोमबार भएको छलफलमा सभामुख अग्निप्रसाद सापकोटासँग प्रधानमन्त्रीको जवाफ माग्न पहल गर्ने निर्णय भएको छ । सभामुख सापकोटालाई मंगलबार भेटेर प्रधानमन्त्रीलाई जवाफ दिन रुलिङ गर्न आग्रह गर्ने निर्णय भएको छ। सभामुखले रुलिङ नगरे अथवा सभामुखले समय नदिए संसद अवरोध गर्ने कांग्रेसले जनाएको छ।

छलफलमा सहभागी समाजवादी पार्टीका प्रमुख सचेतक उमाशंकर अरगडियाले भने, 'आजको छलफलमा प्रतिनिधिसभा बैठकको विषयमा उठेको छ । कांग्रेसले निवर्तमान सञ्चारमन्त्री गोकुल बाँस्कोटाका विषयमा उठाएको तीनवटा विषयमा छलफल भएको छ ।' 'कांग्रेसले उठाएका दुईवटा माग पुरा भएको तर एउटा माग बाँकी रहेको छ ।' उनले भने, 'बाँस्कोटाले राजीनामा दिइसकेका छन् । अख्तियारले छानविन सुरु गरेको छ । अब प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिन मात्र बाँकी छ। सो विषयमा मंगलबार सभामुखसँग छलफल हुनेछ ।'

सभामुखले समय नदिएमा संसद पुनः कांग्रेसले अवरुद्ध गर्ने अरगडियाले जनाए । 'प्रधानमन्त्रीलाई संसदमा जवाफ दिने वातावरण बनाउन सभामुखसँग आग्रह गरिनेछ । त्यो नभए कांग्रेसले संसद अवरुद्ध गर्नेछ।' अरगडियाले भने, 'तर, हामीले पनि हाम्रो कुरा राख्नेछौं ।' प्रधानमन्त्री ओलीकै जवाफका लागि संसदलाई बन्दी बनाईराख्न नहुने तर्फ पनि आफूहरुले कांग्रेसको ध्यानाकर्षण गराएको उनले बताए ।

## नेता नेपालको गृहकार्य
# नेम्वाङ र देवकोटाद्वारा अस्वीकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन



सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले गठन गरेको संविधान संशोधन कार्यदलमा विवाद देखिएको छ । बरिष्ठ नेता माधव कुमार नेपालको नेतृत्वमा गठन भएको कार्यदलका सदस्यद्वय सुवासचन्द्र नेम्वाङ र खिमलाल देवकोटाले कार्यदलमा बस्न अस्वीकार गरेका छन् । उनीहरुले कुनै व्यक्तिका लागि संविधान संशोधन गर्नु उपयुक्त नभएको जानकारी दिदै समितिमा बस्न अस्वीकार गरेका हुन् ।

कार्यदलमा विवाद देखिएसँगै नेकपा उपाध्यक्ष वामदेव गौतमको प्रधानमन्त्री बन्ने सपनामा तुसारापात भएको छ । पछिल्लो आम चुनावमा पराजित गौतमले हरेक पटक संसदमा प्रवेशको प्रयास गरे पनि त्यो बीचमै दुर्घटनाग्रस्त हुने गरेको छ। त्योसँगै उनको छवि पनि विवादित बन्न पुगेको छ । काठमाडौं ७ का नेकपाका सांसद रामवीर मानन्धरलाई राजीनामा गराई उपनिर्वाचनबाट सांसद बन्ने गौतमको गत वर्ष कात्तिकमा भएको प्रयास असफल भएको थियो। डोल्पास्थित नेकपाका सांसद धनबहादुर बुढालाई राजीनामा दिन लगाएर त्यहाँबाट चुनाव लड्ने अर्को प्रयासले पनि असफल भएको थियो । हाल आएर राष्ट्रपतिद्वारा मनोनित राष्ट्रियसभाको सदस्य बन्दै प्रधानमन्त्रीका रुपमा बालुवाटार यात्राको प्रयास काम सुरु हुनु अगावै दुर्घटनाग्रस्त बन्न पुगेको छ ।

नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको इच्छाविपरीत गौतम र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रस्तावमा उनलाई प्रधानमन्त्री बनाउन राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री हुन पाउने गरी संविधान संशोधनको गृहकार्य सुरु गरिएको थियो । कार्यदलको सदस्य रहेका भनिएका ओलीका अत्यन्तै निकट नेम्वाङ र देवकोटाले पारदर्शीरुपमा कार्यदल गठन नभएको र कुनै एक व्यक्तिका लागि संविधान संशोधन वाञ्छनीय नहुने भन्दै लिखित पत्र नआएसम्म कार्यदलमा नबस्ने जानकारी बाँकी पृष्ठ २ मा

# काउन्टर इन्टेलिजेन्स ब्युँताइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

राष्ट्रिय अनुसन्धान विभाग मातहत रहने गरी नेपालमा प्रतिगुप्तचरी संयन्त्र (काउन्टर इन्टेलिजेन्स) ब्यूँताउने सहमति भएको छ। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा छलफलमा रहेको 'नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी विधेयक २०७६' को उक्त प्रावधानमा सहमति भएको हो । समिति सदस्य ठगेन्द्रप्रकाश पुरीका अनुसार बाह्य गुप्तचर सम्बन्धी गतिविधि हेर्ने गरी राष्ट्रिय



अनुसन्धान विभागमा रहनेगरी काउन्टर इन्टेलिजेन्स गठन गर्ने विषयमा सहमति जुटेको छ ।

२०४६ अघि जासूसीसम्बन्धी बाह्य र आन्तरिक हेर्ने गरी दुई वटा निकाय थिए। जसलाई राष्ट्रिय जनसम्पर्क प्रधान कार्यालय 'क' र 'ख' भनिन्थ्यो । 'क' ले आन्तरिक र 'ख' ले बाह्य जासुसीजन्य गतिविधि हेर्ने गर्दथ्यो । तर २०४७ मा कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले बाह्य जासुसी हेर्ने एकाइ खारेज गरिदिएको थियो । त्यसपछि नाम समेत फेरेर राष्ट्रिय अनुसन्धान विभाग भनिदै आइएको छ । ०४७ मा खारेज भएको जस्तै प्रकृतिको प्रतिगुप्तचरी संयन्त्र ब्यूँताउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयले २९ मंसिर २०७६ मा संसदमा विधेयक दर्ता गरेको थियो। विधेयकमार्फत आएको सरकारी प्रस्तावलाई राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले स्वीकार गरेको पुरीले जनाए ।

विधेयकको बाँकी पृष्ठ २ मा

# भारतीय सेनालाई अमेरिकी सहयोग

काठमाडौं/एजेन्सी- छिमेकी मुलुक भारतको सेनालाई थप बलियो बनाउन अमेरिकाले सहयोग गर्ने भएको छ । भारतको दुई दिने भ्रमणमा रहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय सेनालाई अझै मजबुत बनाउन सहयोगको घोषणा गरेका छन् । विश्वको सबभन्दा ठूलो भारतको मोटेरा स्टेडियममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ट्रम्पले भने, 'भारतसँग हामी अझै एडभान्स डिफेन्स सिस्टम' दिने छौं। हामी भारतलाई रक्षा उपकरण प्रदान गर्नेछौं। भारतीय सेना अझ मजबुत हुनेछ ।' उनले भारत-अमेरिका मिलेर आतंकवादसँग लड्ने बताए। उनले भने, 'हामीले



इस्लामिक स्टेटको अन्त्य गरेका छौं । अल बगदादीको हामीले अन्त्य गरेका छौं। अब विश्वभरको आतंकवाद हामी अन्त्य गर्छौं ।'

उनले पाकिस्तानसँग पनि आफ्नो राम्रो सम्बन्ध रहेको दाबी गर्दै भने, 'पाकिस्तानसँग राम्रो सम्बन्ध भएकै कारण हामी पाकिस्तानसँग मिलेर आतंकवादविरुद्ध लडिरहेका छौं। हामी दक्षिण एसियामा शान्ति र स्थिरता चाहन्छौं।' उनले आगामी दिनमा थप सफलता बाँकी पृष्ठ २ मा

# मन्त्रीको टोली मौरिसस जाँदै

## निजी क्षेत्रलाई समेटेर जापान कामदार पठाउन मन्त्री सकारात्मक

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १२

नेपाल र मौरिससबीच कामदार आदान-प्रदानसम्बन्धी थाती प्रक्रिया टुग्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर यादव नेतृत्वको टोली मंगलवार मौरिसस जाने भएको छ । मलेसिया र खाडीका अलावा अन्य सम्भावित रोजगार गन्तव्य खोज्ने अभियानमा सरकार छ । यही अभियानअन्तर्गत १ वर्षअघि नेपाल र मौरिसबीच श्रम समझदारीपत्रमा हस्ताक्षर भएको थियो । तर, प्रक्रिया टुंगिएको छैन। यहीबीच नेपालको तर्फबाट मन्त्रीस्तरीय भ्रमण हुन लागेको हो। सोमबार मन्त्रालयमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री यादवले नेपाल र मौरिसबीचको श्रम सम्झौता कार्यान्वयनको पक्षमा आफू रहेको बताए । त्यसकै लागि आफ्नो नेतृत्वको टोली मौरिसस जान लागेको उनले जानकारी दिए। जापानसँग यसअघि भएको श्रम सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि जापान भ्रमण गर्ने योजनाबारे पनि उनले सुनाए ।

'नेपाली कामदार लामो समयदेखि खाडी र मलेसियामा केन्द्रित छन्,' मन्त्री यादवले भने, 'अब त्यसलाई परिवर्तन गर्नुपर्ने बेला आएको छ । '

५२ प्रतिशतभन्दा बढी हिन्दूधर्मावलम्वी रहेको मौरिससमा धार्मिक कारणले पनि नेपाली कामदार रुचाइएको बताइन्छ। त्यहाँ निर्माण तथा



सेवा क्षेत्रमा रोजगारीको सम्भावना रहेको मन्त्रालयको आकलन छ ।

सरकारले जापानसँग भएको श्रम सम्झौतालाई पनि टुंग्याउने योजना बनाएको छ। मन्त्री यादव नेपाल र जापानबीच गत चैतमा सरकारी तहमा भएको द्विपक्षीय समझदारी अनुसार कामदार पठाउन नसकिएकाले जापान भ्रमण गरेर यसलाई टुंग्याउने बताउँछन् । 'म चाँडै जापानको पनि भ्रमण गरेर समझदारी कार्यान्वयनमा रहेको समस्या पहिचान गरी समाधान गर्छु,' मन्त्री यादवले भने । बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### काउन्सेलर श्रम र श्रम सहचारीको प्रस्तुतीकरण स्थगित

काठमाडौं/मस- काउन्सेलर श्रम र श्रम सहचारीका लागि निर्धारण गरिएको प्रस्तुतीकरण एक साता पर सरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव मन्त्रालयका सचिव विनोद केसीसमेतलाई लिएर मंगलबार मौरिसस जाने भएपछि काउन्सेलर श्रम र श्रम सहचारी छनौटको निर्धारित कार्यतालिका पछि सरेको हो ।

मन्त्रालयले गत मंसिर २६ गते काउन्सेलर श्रम र श्रम सहचारीका लागि आवेदन मागेको थियो । आवेदन दिने समय समय सकिएपछि मन्त्रालयले काउन्सेलर श्रमको फागुन १४ र श्रम सहचारीको फागुन १५ गते विषयवस्तु ज्ञान तथा प्रस्तुतीकरण समय तय गरेको थियो । तर मन्त्रालयले आइतबार दुवैको प्रस्तुतीकरण एक सातापछि सारिएको जनाएको छ ।

नयाँ निर्णय अनुसार, काउन्सेलर श्रमको फागुन २१ र श्रम सहचारी पदको २२ गते बिहान प्रस्तुतीकरण हुनेछ ।

### नेपालीलाई तत्काल दक्षिण कोरिया नपठाइने

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले तत्काल दक्षिण कोरियामा नेपाली कामदार नपठाउने भएको छ ।

आगामी हप्ता फागुन १८ गते ५० जना नेपाली कामदारले दक्षिण कोरिया जान श्रम स्वीकृति लिइसकेका भए पनि उनीहरूलाई अर्को निर्णय नभएसम्मका लागि नपठाउने निर्णय गरिएको ईपीएस कोरिया शाखाका निर्देशक कृष्णप्रसाद बाँकी पृष्ठ २ मा

# महरालाई भव्य स्वागत

**मध्यान्ह संवाददाता**
दाङ, १२ फागुन

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद एवं पूर्वसभामुख कृष्णबहादुर महरालाई गृह जिल्लामा भव्य स्वागत गरिएको छ । बलात्कार काण्डमा जिल्ला अदालतबाट सफाई पाएपछि पहिलो पटक गृहजिल्ला पुगेका महरालाई नेकपाका नेता तथा कार्यकर्ताहरुले स्वागत गरेका हुन् ।

उनलाई दाङ प्रवेशबिन्दु धानखोलादेखि नै फूलमाला र बाजागाजाले स्वागत गरिएको थियो भने भालुबाङ, लमही, गोग्ली र घोराहीमा सडकमा लामबद्ध कार्यकर्ता र शुभेच्छुकहरुले माला र अबिरसहित महराको स्वागत गरेका थिए । महराले शुभेच्छुकहरुलाई सम्बोधन गर्दै आफू तीन महिना भूमरीमा परेको बताए। उनले भने 'म तीन महिरा भूमरीमा परें । अहिले छुट्कारा पाएको छु। कसैले षड्यन्त्र गर्दैमा गलत कुरा सही हुन बाँकी पृष्ठ २ मा




तु-आवश्यकता

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएकोले दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र र बायोडाटाका साथ सम्पर्क गर्नुहोला ।

तलब आपसी समझदारीमा

Receptionist : 1 Female
Admin Secretary : 1 Female

योग्यता: +2 Pass भई अंग्रेजी राम्रोसँग जानेको हुनुपर्नेछ । कम्प्युटरमा Photoshop, Scan, PowerPoint, Word, Excel सम्बन्धी राम्रो ज्ञान हुनुपर्नेछ ।

Overseas Employment Pvt. Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Tel : 4110069 4110070, Mob.: 9801096982, Email: info@osemployment.com

## नेता...

नेता नेपाललाई गराएका छन् । नेता नेपालले सोमबार कार्यदलको बैठक बस्नु पर्‍यो भन्दै नेम्वाङलाई फोन गरेका थिए । नेम्वाङले कार्यदलको बैठक भए आफूहरु नआउने बताएपछि नेता नेपालले अनौपचारिक छलफल त गरौं भनेपछि नेम्वाङ कोटेश्वरस्थित नेपाल निवास पुगेका थिए । छलफलका क्रममा नेता नेम्वाङले पारदर्शीरुपमा कार्यदल गठन नभएको र आफूहरुलाई कुनै लिखित पत्र नआएको बताएका थिए । र, कुनै एक व्यक्तिका लागि संविधान संशोधन गर्न नसकिने तर्क नेम्वाङले राखेपछि त्यसमा अर्का सदस्य भनिएका देवकोटाले पनि समर्थन जनाएका थिए ।

साथै नेम्वाङले यस्तो अपारदर्शी काममा नलाग्न नेता नेपाललाई समेत सुझाएको बुझिएको छ । जवाफमा नेता नेपालले यसबारे सल्लाह गरौंला भनेका थिए । नेपालले कार्यदलका सदस्यहरुले त्यसलाई अवज्ञा गर्नुको पृष्ठभूमिमा अध्यक्ष ओलीको हात रहेको बुझेका छन् । नेपाल निकट एक नेताका अनुसार गौतमलाई राष्ट्रियसभा सदस्य बनाउन ओली तयार भएपनि स्वभाविक रुपमा उनलाई प्रधानमन्त्री बनाउन चाहिरहेका छैनन् । आफ्नो इच्छाविपरीत जर्वजस्त गठन गरिएको कार्यदल भंग गर्न भित्री रुपमा ओली लागेको र आफ्ना विश्वासपात्र नेम्वाङलाई त्यसको अवज्ञा गर्न निर्देशन दिएको नेपाल पक्षको बुझाइ छ ।

## भारतीय...

हासिल गर्नेसमेत बताए । भारतको लोकतन्त्र सिंगो विश्वका लागि एक मिसाल हो । ट्रम्पले भने, 'म सबै भारतीयलाई भन्न चाहन्छु कि तपाईंलाई आफ्नो विगतप्रति गर्व हुनुपर्छ । प्रधानमन्त्री नरेन्द्र मोदीको यस शानदार आतिथ्यप्रति आभार प्रकट गर्दछु ।'

ट्रम्पको भाषणपछि प्रधानमन्त्री मोदीले ट्रम्पलाई धन्यवाद दिएका छन् । उनले भने, 'महात्मा गान्धीदेखि विवेकानन्द र सरदार पटेका नाम लिनुभयो । यसका लागि धेरै धेरै धन्यवाद । तपाईंले मेरो बारेमा पनि धेरै भन्नुभयो । यसका लागि पनि धन्यवाद । भारत र अमेरिकाबीचको सम्बन्ध थप प्रगाढ हुनेछ ।'

## काउन्टर...

टिप्पणीमा प्रधानमन्त्री ओलीले लेखेका छन्, 'राष्ट्रिय हित तथा सुरक्षाको विषयमा प्रतिगुप्तचर सम्बन्धी काम कारबाही गर्दा आवश्यकता अनुसार रक्षात्मक, प्रतिरक्षात्मक र प्रतिकारात्मक कार्य सञ्चालन गर्न सक्ने, विभागले कुनै संघ संस्था, समूह वा व्यक्तिले नेपाल राज्यविरुद्ध वा राष्ट्रिय सुरक्षा, सरोकार वा चासोसँग सम्बन्धित विषयमा जासूसी गतिविधि गरे गराएको वा गराउने सम्भावना रहेको विषयमा सूचना संकलन गर्न वा गराउन सक्ने र प्रतिगुप्तचरीसम्बन्धी कार्य गर्नको लागि विभाग मातहत एक विशिष्टिकृत कार्यालय रहनेछ ।'

प्रस्तावित विधेयकमा प्रतिगुप्तचरीले नेपाल राज्यविरुद्ध हुने जासूसी, अन्तरध्वज (सबोटेज), भड्काउपूर्ण गतिविधि (सबभर्सन) सँग सम्बन्धित विषय, सीमा क्षेत्रमा हुने अवैध गतिविधि, नेपालबारे बाह्य मुलुकमा भएका प्रचारलगायतका विषयलाई प्रमुखताका साथ हेर्ने उल्लेख गरिएको छ । प्रतिगुप्तचरी आवश्यक भएको सरकारी तर्कमा सहमत भएर स्वीकार गरिएको विधायन व्यवस्थापन समिति सदस्य पुरीले जानकारी दिए ।

## महरालाई...

सक्दैन । अन्तमा मैले न्याय पाएको छु । यो मेरो जीत होइन, तपाईं जनताहरुको हो ।'

कार्यकर्ताहरुको भिड देखेपछि महराले भने, 'बाटैभरी मलाई यति धेरै स्वागत भयो । मैले यस्तो हुन्छ भन्ने सोचेको थिइनँ । म जनताको साथमै छु । दाङको विकासका लागि कटिबद्ध छु । म नेपाली हुँ, राष्ट्रवादी हुँ । राष्ट्रिय स्वाधिनताका लागि मेरो शिर सधैं ठाडो हुन्छ ।'

## मन्त्रीको ...

मन्त्री यादवलाई जापान भ्रमणको निमन्त्रणा आइसकेको छ । गत वर्ष चैत ११ गते सरकारी तहमा समझदारी भए पनि त्यसअनुरूप कामदार पठाउन सकिएको छैन । जापान कामदार पठाउने प्रक्रियामा निजी क्षेत्रलाई संलग्न गराउने या नगराउने भन्नेमा मतैक्यता बनिसकेको छैन । मन्त्री यादवले भने जापानको रोजगारीमा निजी क्षेत्रलाई संलग्न गराउन सकिने संकेत गरेका छन् । उनले भने, 'समझदारीपछि पनि किन नेपाली जान सकेनन् ? त्यसको वास्तविकता पत्ता लगाएर समाधानको उपाय के हुनसक्छ ? त्यो खोजिने छ । निजी क्षेत्रलाई संलग्न गराउँदा उपलब्धिपूर्ण हुने देखिए उनीहरूलाई पनि सहभागी गराउन नसकिने होइन ।'

समझदारी अनुसार जापानको रोजगारदातामार्फत आएको माग जापान युनिटबाट वितरण गर्ने व्यवस्था रहेको छ । मन्त्रालयका उपसचिव दीपक ढकालले कामदार लैजाने प्रक्रिया सहजीकरणका लागि जापानले सह-सचिवस्तरीय संयुक्त कार्यदल गठनको अवधारणा अघि सारेको जानकारी दिए । दुई देशबीच गठन हुने संयुक्त कार्यदलले परीक्षार्थीको सख्या र परीक्षामा सहभागी गराउने विधिबारे छलफल गर्नेछ ।

जापानले आवेदकहरूलाई गोलाप्रथाबाट छानेर भाषा परीक्षामा सहभागी गराउने प्रणाली अपनाएको छ । तर गोला प्रथा प्रणालीप्रति मन्त्रालय सन्तुष्ट छैन । गोलाप्रथा प्रणालीबाट योग्य व्यक्ति बाहिरिने र अयोग्य छानिने भएकाले परीक्षामा सबै आवेदकलाई सहभागी गराइनुपर्ने नेपाली पक्षको मत छ । त्यसमा जापानी पक्ष लचिलो बनेको बताइन्छ । जापानले समभदारी अनुसार सुरुमा नर्सिङ केयर कामदार लैजाने बताएको थियो । गत वर्ष नर्सिङ केअरगिभरको रोजगारीमा जान करिब १३ हजारले आवेदन दिएका थिए । त्यसमध्ये गोलाप्रथाबाट छनौट गर्दा १ हजार जना परीक्षाका लागि छानिएका थिए । तर भाषा परीक्षा उत्तीर्ण गर्नेहरूको संख्या अत्यन्त न्यून छ ।

## नेपालीलाई ...

खनालले जानकारी दिए ।

यस विषयमा सोमबार प्रधानमन्त्री कार्यालयमा स्वास्थ्य, परराष्ट्र र श्रम मन्त्रालयका अधिकारीहरू सहितको बैठक बसेको थियो । दक्षिण कोरियामा कोभिड-१९ नामका भाइरस संक्रमण फैलिएपछि त्यहाँ व्यापक सर्तकता अपनाइएको छ । दक्षिण कोरीयामा उक्त संक्रमणबाट सात जनाको मृत्यु भइसकेको छ । हाल दक्षिण कोरीयामा ४० हजार बढी नेपाली रहेका छन् ।

सियोलस्थित नेपाली दूतावासका काउन्सेलर श्रम डिल्लीराम बास्तोलाले कोरियामा रहेका नेपालीहरूको अवस्था आत्तिहाल्न नपर्ने बताएका छन् । नेपाली काम गर्ने कम्पनीले सुरक्षाका उपाय अपनाएको, उनीहरूलाई बाहिर निस्कन नदिएको र भाइरसबाट बच्न आवश्यक सुरक्षा उपायबारे सतर्क गराइएको उनको भनाइ छ ।

# राष्ट्रपतिलाई नागरिक अभिनन्दन गरिने

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारी यही फागुन १५ गते बैतडी जाने भएकी छन् । राष्ट्रपति भण्डारीले १५ गते दिउँसो २ बजे त्रिपुरासुन्दरी मन्दिरमा विशेष पूजाआजा गर्ने कार्यक्रम रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । राष्ट्रपति भण्डारीले त्रिपुरासुन्दरीमा पूजाआजा गरिसकेपछि दशरथ चन्द नगरपालिकाले उनलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम रहेको छ । राष्ट्रपति भण्डारीले दिउँसो ३ बजे पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको नवनिर्मित भवन र छात्रावासको उद्घाटन गर्ने कार्यक्रम रहेको बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले जानकारी दिए ।

यसका साथै पाटन नगरपालिका र सम्पूर्ण जिल्लाबासीका तर्फबाट पाटनमै नागरिक अभिनन्दन गर्ने कार्यक्रम रहेको उनले बताए । यसअघि १५ गते बिहान दार्चुलाको शैल्यशिखर मालिकार्जुन धाममा पनि राष्ट्रपतिले विशेष पूजाआजा गर्ने कार्यक्रम छ ।

# कलंकीमा डरलाग्दो दुर्घटना



**काठमाडौं/मस–** काठमाडौंको कलंकीमा सोमबार साँझ डरलाग्दो दुर्घटना भएको छ । ब्रेक फेल भएको ट्रकले ९ वटा सवारी साधनलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परेर चार जना घाइते भएका छन् । दुर्घटनामा परेर ज्यान गुमाएका सनाखत हुन बाँकी रहेको कालिमाटी वृत्तका डीएसपी रुगम कुँवरले जानकारी दिए । दुर्घटनामा घाइतेको ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

थानकोटबाट कलंकीतर्फ आउँदै गरेको ट्रकले ढुंगाअड्डाको ओरालोमा अगाडिका ट्याक्सी, कार, जिप, स्कुटरलगायतका सवारी साधनलाई ठक्कर दिएको थियो । ब्रेकफेल भएको ट्रकले एउटा स्कोरपियो, ट्याक्सी, भ्यान, दुईवटा मोटरसाइकल, एउटा कार र स्कुटरलाई ठक्कर दिएको डिएसपी कुँवरले बताए । ट्रकका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०१/०६ मा दर्ता भएको **प्रा.लि. नं. १६७२३७** को **आर्टस आफ इन्टेरियर एण्ड आर्किटेक्चर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९०
असार १३ गते

स्व. धन कुमारी महत

स्वर्गारोहण
वि.स. २०७६
फागुन २ गते

हाम्रा शुभेच्छुक तथा हिमालयन जब एक्स्प्लोरर प्रा.लि.का प्रबन्ध निर्देशक श्री मदनकुमार महतकी ममतामयी माता धन कुमारी महतको ८६ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily दैनिक
परिवार



## हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९०
असार १३ गते

स्व. धन कुमारी महत

स्वर्गारोहण
वि.स. २०७६
फागुन २ गते

यस प्रा.लि.का सञ्चालक एवं प्रबन्ध निर्देशक श्री मदनकुमार महतकी ममतामयी माता धन कुमारी महतको ८६ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

हिमालयन जब एक्स्प्लोरर प्रा.लि.
परिवार
चाकुपाट-१०, ललितपुर फोन नं. ०१-५५२००८०


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/११/१३

यस कम्पनीको मिति २०७६/११/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अन्जना बुटीक क्याफे प्रा.लि. (प्रा.लि.नं. १८३१२७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निमित्ता ग्यालरी क्याफे प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको स्वेच्छिक खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०४७/०२/०६ मा दर्ता भएको प्रा.लि. नं. **३९७९** को **टाकुरा ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/११/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (क) बमोजिम स्वेच्छिक खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSE OF CORN  शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२३०९  LT. No.: 233573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 5 | स. काममा दक्ष | 100 | ३७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन २० गते (3 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Surkhet Overseas Pvt. Ltd.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com



## Qatar मा रोजगार

१. कम्पनी: SAIF QATAR DUCT FAB WLL  शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२९३  LT. No.: 233433

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | स. काममा दक्ष | 900 | २८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DREAMS GATE SERVICE..  शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२९२  LT. No.: 233866

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 7 | 6 | स. काममा दक्ष | 900 | २८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २० गते (3 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 4486262, Fax: 4486263
Gov. Lic. No. 1048/073/74
Mob.: 9818272436, 9818878475, 9813005928, 9880715268, 9808793080
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np



## साउदीमा रोजगार

१. कम्पनी: LANDMARK ARABIA CO  शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७६/१०/२७  चलानी नं.: ६०१५१५०९  L.T. No.: 232689  पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 41 | 0 | स. काममा दक्ष | 1500 | ४५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २० गते (3 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Crown Employment Consultant Pvt. Ltd.**
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Mob.: 9851128705, 9851004226, 9818547031, 9818520902, 9803056902
Email: crown1478@gmail.com/ www.crown.com .np



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUILIN BUILDING CONTRACTING LLC  शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२०१  LT. No.: 233623

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Engineer Labourer | 10 | 0 | स. काममा दक्ष | 900 | २९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २० गते (3 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
टोखा-१०, मनोहर स्कुलको अपोजीट, लक्ष्मी आवास क्षेत्र, काठमाडौं, नेपाल, फोन: ४३८३०८०, मो.: ९८५१०००२६८ (बरुन)



## Saudi मा रोजगार

१. कम्पनी : SAUD ABDULLAH AL-MUTAIRI FOUNDATION FOR LAND TRANSPORT  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२९७  LT. No.: 233774

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : NASER MOHAMMED JARBOU AL SHRI AL QAHTANI CORPORATION FOR GENERAL CONTRACTING  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२९८  LT. No.: 233810

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : BRANCH OF MODERN FACILITIES TRADING COMPANY  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२२९९  LT. No.: 233871

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : BRANCH OF MODERN FACILITIES TRADING COMPANY  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२३००  LT. No.: 233870

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AL-RAKY FACTORY FOR ARTIFICIAL STONE  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२३०१  LT. No.: 233888

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Building | 3 | 0 | स. काममा दक्ष | 1400 | ४२,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : MANEA CONTRACTING EST  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१२  चलानी नं.: ६०१५२३०२  LT. No.: 233676

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 8 | 0 | | 1800 | ५४,८८० | | | | | | | |

७. कम्पनी : SANABEL AL-MAJD EST FOR MAINTENANCE AND CLEANING  शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/१०/२२  LT. No.: 232513  पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1300 | ३९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २० गते (3 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

# सुशासन र विकास अहिलेको मुख्य कार्यभार : प्रधानमन्त्री ओली




**पोखरा/मस–** प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले सुशासन र विकास अहिले मुख्य एजेन्डा भएको बताएका छन् । नेकपा गण्डकी प्रदेशद्वारा सोमबार पोखरामा आयोजित प्रदेशस्तरीय प्रशिक्षण भेलालाई सम्बोधन गर्दै उनले समृद्ध नेपालका लागि सुशासन र विकासलाई सरकारले प्राथमिकतामा राखेर अगाडि बढेको बताए । राष्ट्रिय आकांक्षालाई पूरा गर्न सरकारसँग सकारात्मक दृष्टिकोण रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले त्यसलाई पूरा गर्ने उच्च सामर्थ्यका साथै इच्छाशक्तिसमेत वर्तमान सरकारमा रहेको बताए ।

प्रधानमन्त्री ओलीले पुष्पलाल र मदन भण्डारीले देखाएको बाटोमा स्पष्ट सैद्धान्तिक दृष्टिकोणका साथ हिँडिरहेको नेकपासँग राष्ट्रिय, अन्तर्राष्ट्रियरूपमा सफलता र असफलताका सबै आन्दोलनका अनुभव रहेकाले पार्टी जनताप्रति उत्तरदायी र जिम्मेवार रहेको बताए । 'सात दशक लामो आन्दोलनको अनुभवलाई वस्तुगत अवस्थाभन्दा पृथक सिद्धान्त र व्यावहारिकरूपबाट जनतामा केन्द्रित गरेका छौं,' उनले भने, 'दर्शन समाज परिवर्तनका साथै मानव जीवनको दक्षताका लागि हुनुपर्छ ।'

अहिले मार्क्सवाद नबुझ्केकाले मात्र कम्युनिष्टको विरोध गरेको भन्दै प्रधानमन्त्री ओलीले मार्क्सवादले मानवीय आकांक्षालाई प्रतिबिम्बित गर्दै दार्शनिक बाटो दिने बताए । अहिले समाजवादतर्फ जाने आधार तय भएको उल्लेख गर्दै उनले 'कम्प्रिहेन्सिव डेमोक्रेसी'मार्फत मानवअधिकारका विविध आयामलाई समेटेको बताए ।

'मार्क्सवाद विषयवस्तुको ग्रन्थ होइन समाजवाद हो, यसले सामाजिक न्याय र समाजवादमा जोड दिन्छ,' विरोधका लागि विरोध गर्ने प्रवृत्तिका कारण केही विषय नपाएपछि गैरविषयलाई विषय बनाइएको बताउँदै उनले भने, ' अहिले केही विषय नपाएपछि कोट मिलेन, टोपी मिलेन, दौराको रङ मिलेन भन्ने विषय बनाएर हिँडेका छन् ।'

संसद्मा विधेयक छलफल गर्नुभन्दा पहिला माइतीघर मण्डला पुग्ने र जनतालाई भ्रम छर्दै सरकारलाई असफल बनाउने सक्रियता भइरहेको प्रधानमन्त्रीले बताए । 'हामी महान् उद्देश्यका साथ अगाडि बढेका छौं, दूरगामी महत्व र असाधारण कामको थालनी भएको छ,' प्रधानमन्त्री ओलीले भने, 'जनताले महसुस गर्न काम गरेका छौं, सस्तो लोकप्रियताका लागि यो सरकारले काम गर्दैन, यो देशमा परिवर्तनको संकल्प र उत्तरदायित्व बोकेको सरकार हो ।'

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले जनता र पार्टीबीचको सम्बन्ध बिग्रँदै गएको बताउँदै जनताका सुखदुःखमा साथ र सहयोगका लागि उनीहरूका घर एवं बस्तीमा पुग्नुपर्ने आवश्यकता औंल्याए ।

कम्युनिष्ट पार्टी जनताको कसीमा बाँधिनुपर्नेमा जोड दिँदै उनले पार्टीको अस्तित्व सक्ने गरी कुनै पनि गतिविधि एवं क्रियाकलाप गर्न नहुने बताए । जनतामा आधारित पार्टीका रूपमा यसको विकास हुनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री गुरुङले कम्युनिष्ट पार्टीलाई जनताको बीचमा सुरक्षित राखिराख्नुपर्ने र अन्तरघातबाट पार्टीलाई बचाउनुपर्ने बताए ।

पार्टी भित्रैबाट आफैंलाई सिध्याउने काम हुँदा प्रतिक्रियावादीलाई सजिलो भएको भन्दै उनले आगामी दिनमा पार्टीलाई थप मजबुत र एकताबद्ध बनाउनका लागि गोपनीयता, इमान्दारी जस्ता कुरामा ध्यान दिनुपर्ने बताए । पार्टीमा सादा जीवन उच्च विचारको आदर्शलाई कायम गराउनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री गुरुङले यसलाई नेकपाले जीवित तुल्याउन प्रयत्न गरिरहेको जिकिर गरे ।

# राज्यमन्त्री झाको राजीनामा फिर्ता

**जनकपुरधाम/मस–** प्रदेश नं २ की भौतिक पूर्वाधार विकास राज्यमन्त्री डा डिम्पल कुमारी झाको राजीनामा फिर्ता भएको छ । राजीनामा फिर्ता भएपछि राज्यमन्त्री डा झाले सोमबार नै मन्त्रालय पुगेकी थिइन् ।

प्रदेश सरकारसँग असन्तुष्टि जनाउँदै माघ १४ गते उनले राजीनामा दिएकी थिइन् । राजपाको अध्यक्ष मण्डलले राजीनामा फिर्ता गर्न आग्रह गरेपछि उनले राजीनामा फिर्ता लिएको र मन्त्रालयमा पुगेर काम गर्न शुरु गरेको उनले बताइन् । उनले भनिन्, 'आफूलाई प्रदेश सभा सदस्य र राज्यमन्त्री बनाएकाले पार्टीको आदेशलाई आफूले अस्वीकार गर्न सक्दिन ।'

राज्यमन्त्री झाको राजीनामापछि प्रदेश २ मा सरकार परिवर्तन हुने हल्ला समेत चलेको थियो । राजपा अध्यक्ष मण्डलका सदस्यहरु राजेन्द्र महतो, शरदसिंह भण्डारी र राजकिशोर यादवको भारत भ्रमण र राज्यमन्त्रीको राजीनामा फिर्तापछि अहिले सरकार परिवर्तनको सम्भावना समेत न्यून भएको विश्लेषकहरु बताउँछन् ।

राजीनामा दिनुअघि प्रदेश सरकारको कार्यक्रममा राजपाका मन्त्रीलाई महत्व नदिएको आरोप मन्त्री झाले लगाएकी थिइन् ।

# पत्रकार महासंघले सभामुख सापकोटालाई बुझायो ज्ञापनपत्र



**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले मिडिया काउन्सिल विधेयक र सूचना प्रविधि विधेयकलाई सरोकारवालाहरुका माग सम्बोधन गरी अगाडि बढाउन सभामुख अग्नि प्रसाद सापकोटालाई आग्रह गरेको छ। सोमबार सभामुख सापकोटालाई ज्ञापनपत्र बुझाउँदै महासंघले मिडिया काउन्सिल र सूचना प्रविधि लगायतका विधेयकहरुलाई सरोकारवालसँगको छलफल गरेर माग सम्बोधन गर्नेगरी अगाडि बढाउन आग्रह गरेको हो ।

कानून निर्माण प्रक्रियालाई प्रभावकारी बनाउन अन्तरक्रियात्मक हुनुपर्ने र सरोकारवाला पक्षलाई उत्प्रेरित गर्न आवश्यक रणनीति अख्तियार गर्ने दिशमा अगाडि बढ्न सभामुखको ध्यानाकर्षण गरिएको महासंघका महासविच रमेश विष्टले बताए ।

महासंघका कार्यवाहक अध्यक्ष विपुल पोखरेलले धेरै भन्दा धेरै नागरिकहरुको सहभागितामा रचनात्मक र सिर्जनात्मक ढंगले कानून निर्माण प्रक्रिया स्थापना गर्नुपर्ने बताए । पछिल्लो समय आएका केही विधेयकका प्रवाधानहरुमा आफ्नो गम्भीर विमती रहेको उल्लेख गर्दै पोखरेलले मिडियालाई स्वतन्त्र रुपमा अभ्यास गर्न सक्ने परिस्थितीको निर्माण गर्न माग गरे ।

ज्ञापनपत्र बुझ्दै सभामुख सापकोटाले छलफल र अन्तरक्रियाबाट अगाडि बढ्ने प्रयत्न आफुले गर्ने बताएका छन् । परिवर्तनको गुणात्मकतालाई आत्मसाथ गरेर नियम कानून बनाउने कुरामा भएका कमजोरी सच्याउन जनस्तरमा गएर ठूलो आधार तयार हुने उनले बताए ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रका प्राणवायु भएको उल्लेख गर्दै महासंघले केही विधेयकहरुमा स्वतन्त्रता सम्बन्धी बन्देज लगाउने प्रावधानहरु रहेकाले ती प्रावधानहरुलाई सच्याउन ध्यानाकर्षण गराएको हो । महासंघले सभामुख सापकोटालाई सफल कार्यकालको बर्धाइ तथा शुभकामना दिएको थियो ।

## तीन युवा पक्राउ

**काठमाडौं/मस–** साथी साथीले जिस्केर खिचेको फोटोले प्रहरी हिरासतमा पुग्नु पर्ला भन्ने कल्पना पनि नगरेका तीन युवालाई प्रहरीले पक्राउ गरेको छ। गत शुक्रबार महाशिवरात्रिका दिन एक युवती साथीसँग घुम्न आएका तीन अहिले महानगरीय प्रहरी वृत्त जगातीको हिरासतमा पुगेका छन् ।

प्रहरीले सिन्धुली दुधौली नगरपालिका-६ का अर्जुन अधिकारी, १८ वर्षीय शान्तिमान थामी दनुवार र राजीव थनेतलाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

शिवरात्रिका दिन सूर्यविनायकको जङ्गलमा घुम्न गएका किशोरीका प्रेमीले साथीहरु कै अगाडि चुम्बन गरेपछि उसकै साथीहरुले जिस्किएर चुम्बन गरेको भिडियो खिचेका थिए । त्यही भिडियो मेट्न किशोरीले गरेको आग्रह साथीहरुले नमानेपछि यही कुरा प्रहरीमा पुगेपछि प्रहरीले तीनै जनालाई कटुञ्जेबाट पक्राउ गरेको हो ।

पक्राउ गरी प्रहरी वृत्त जगाती पुऱ्याइएपछि किशोरीले साथीले कुनै जबरजस्ती नगरेको भन्दै जाहेरी दिन नमानेपछि प्रहरीले सोमबार प्रहरीले अभद्र व्यवहारमा मुद्दा चलाएको प्रनाउ गिरीले जानकारी दिए । किशोरीले साथीको मोबाइलबाट चुम्बन गरेको भिडियो डिलिट गरिदिए पुग्ने बताउँदै जाहेरी नदिएपछि अभद्र व्यवहारमा मुद्दा चलाएको उनको भनाइ छ ।


**Invitation for Bids**

**Udayapurgadi Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Udayapurgadi, Udayapur**
**Province No.1, Nepal**

visit nepal 2020 Lifetime Experiences

**Invitation for Bids for the Flood, Erosion Protection works in Tawa, Baijnath & Pauwa Khola**

**Contract Identification No: 07/EGP/NCB/URM/2076-077**
**Date of publication: 13/11/2076 (25/02/2020)**

1. Udayapurgadhi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Flood, Erosion Protection works in Tawa, Baijnath & Pauwa Khola under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 1,10,62,274.24 [exclusive VAT & Contingency].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Udayapurgadhi Rural Municipality, Udayapurgadhi, Tel No.:- 9852835278, 9843580634, 9842578865 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3,000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Rastriya Banijya Bank
   **Name of Office** : Udayapurgadhi Rural Municipality
   **Office Code No.** : 801011105
   **Office Account No.** : 2090303007103
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14 hours on 13/12/2076 (26/03/2020) at the office of Udayapurgadhi Rural Municipality, Udayapurgadhi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 3,25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Table**

| S. No. | Contract No. | Contract Name | Estimated Amount (excluding VAT) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Cost (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 07/EGP/NCB/URM /2076-077 | Flood, Erosion Protection works in Tawa, Baijnath & Pauwa Khola | 1,10,62,274.24 | 3,25,000.00 | 3,000.00 |

**Chief Administrative Officer**



**हार्दिक श्रद्धाञ्जली**



जन्म
बि.सं. १९९०
असार १३ गते

स्वर्गारोहण
वि.स. २०७६
फागुन २ गते

**स्व. धन कुमारी महत**

हाम्रा परम मित्र एवं हिमालयन जब एक्स्प्लोरर प्रा.लि.का प्रबन्ध निर्देशक श्री मदनकुमार महतकी ममतामयी माता धन कुमारी महतको ८६ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

प्रेम बहादुर कटुवाल
अध्यक्ष
तथा

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
परिवार
का.म.न.पा.-३, चक्रपथ, महाराजगंज, काठमाडौ, फोन नं. ०१-४६५०७९७



**मलेसियामा रोजगार** | कम्पनी: BAN LIAN NEW SECOND HAND AUTO SUPPLY CO SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/१२ चलानी नं.: ६०१५२२१३ LT. No.: 233801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 9 | 0 | स. काममा दक्ष | 1200 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २० गते (3 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले ब्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | रोजगार दाताले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

